# गोलबजार नगरपालिकाको

गोलबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोलबजार, सिरहा
२ नं. प्रदेश नेपाल

## प्रथम नगरसभाबाट पारित

आर्थिक वर्ष २०७४/०७५ को

वार्षिक नीति तथा कार्यक्रम

२०७४।१०।१२

देवनाथ साह
नगर प्रमुख
गोलबजार नगरपालिका

"हाम्रो रहर, समृद्ध शहर : हाम्रै पालामा सम्भव छ"

# गोलबजार नगरपालिकाको नगर कार्यपालिकामा प्रस्तुत आर्थिक वर्ष २०७४/७५ को नीति तथा कार्यक्रम

१२ माघ, २०७४

**नगर उप प्रमुख रेशम कुमारी थापाबाट प्रस्तुत गोलबजार नगरसभामा प्रस्तुत आर्थिक वर्ष २०७४/७५ का लागि वार्षिक नीति तथा कार्यक्रम**

गरिमामय यस नगरसभाका सभाध्यक्ष ज्यू,
नगर कार्यपालिकाका सदस्य ज्यूहरु,
नगरसभाका सदस्य ज्यूहरु,

**आदरणीय नगरसभाका सदस्यज्यूहरु,**

सर्वप्रथमतः मुलुकको इतिहासका विभिन्न समयमा नेपाली जनताले गरेका बलिदानीपूर्ण संघर्षहरु जनआन्दोलन, जनयुद्ध, मधेश, थारु, जनंजाति,महिला दलित तथा अल्पसंख्यकहरुको न्यायपूर्ण आन्दोलनमा शहीद भएकाहरुप्रति श्रद्धाञ्जलि व्यक्त गर्न चाहन्छु । घाइते तथा बेपत्ता नागरिक तथा सम्बन्धित परिवारप्रति सम्मान व्यक्त गर्न चाहन्छु ।

तेश्रो चरणको स्थानीय तहको निर्वाचनपछि जिल्लाकै व्यापारिक र व्यवसायिक कारोबारको मुख्य ठाउँको रुपमा विकसित हुँदै गरेको गोलबजार नगरपालिकाको कार्यकारी तथा विधायन अङ्गको गठनले पूर्णता पाएको छ । संघ, प्रदेश र स्थानीय तहको निर्वाचनसँगै संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको कार्यान्वयको महत्वपूर्ण चरण शुरु भएको छ । जनताको सबैभन्दा नजिकको सरकारको रुपमा स्थानीय तहको निर्वाचनपछि दैनिक प्रशासनमा सुशासन, आर्थिक रुपले समृद्धि तथा भौतिक पूर्वाधार र विकास निर्माणमा तीब्रताको अपेक्षा गरेका छन्, जनताले । भौगोलिक रुपले जिल्लाकै मध्य बिन्दुमा पर्ने र व्यापारिक हिसावले बढी आर्थिक गतिविधि हुने नगरको पहिचान बनाउदै गएको गोलबजार नगरपालिकालाई आर्थिक रुपले समृद्ध र विकसित नगरपालिका बनाउन चुनौतीपूर्ण भएपनि अवसरको रुपमा लिंदै अगाडि बढ्ने कुरामा विमति नहोला । संवैधानिक व्यवस्था अनुरुप कार्यपालिकीय, व्यवस्थापकीय र न्यायिक अधिकारसहित गठन भएको यस नगरपालिकाको प्रथम नगरसभामार्फत् व्यवस्थापकीय अभ्यास गर्न गईरहेका छौं । यो ऐतिहासिक घडीमा गोलबजार नगरपालिकाका नगर कार्यपालिकाका सदस्यज्यूहरु, नगरसभाका सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत तथा सम्पूर्ण कर्मचारी साथीहरुमा नमस्कार तथा अभिवादन गर्न चाहन्छु ।

दैवनाथ साह
नगर प्रमुख
गोलबजार नगरपालिका

**आदरणीय नगरसभाका सदस्यज्यूहरु,**

स्थानीय तहको तेस्रो चरण अन्तर्गत गोलबजार नगरपालिकाका निर्वाचित पदाधिकारीहरुको शपथग्रहण तथा पद बहाली गरेको आज एक सय २० दिन हुँदैछ । हामीले कार्यभार सम्हाल्दासम्म कतिपय संघीय र प्रादेशिक कानुनहरु निर्माण नभइसकेको अवस्था छ । स्थानीय तह सञ्चालन गर्नका लागि पनि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट जारी आदेश निर्देशन, परिपत्रलाई टेकेर कार्य गर्नुपर्ने अवस्थामा नगर कार्यपालिकाबाट स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४; नगर कार्यपालिकाको बैठक सञ्चालन सम्बन्धी कार्यविधि, २०७४; नगरकार्यपालिका (कार्यविभाजन) नियमावली, २०७४; नगर कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४; नगर सभा सञ्चालन (कार्यविधि, २०७४; स्थानीय तह कानुन प्रमाणीकरण कार्यविधि, २०७४ आदि पारित गर्नुपर्ने अवस्था छ । त्यस्तै, आर्थिक ऐन, नगरपालिकाको आर्थिक कार्यलाई नियमित तथा व्यवस्थित गर्न बनेको ऐन, आचारसंहिताहरु पारित गरी नगरलाई अघि बढाउनु पर्ने अवस्था विद्यमान छ ।

**गोलबजार नगरपालिकाको संक्षिप्त परिचय**

पूर्व पश्चिम सडक अन्तर्गत जिल्लाकै मध्यबिन्दुमा पर्ने गोलबजार नगरपालिका सिरहा जिल्लाका तत्कालीन बसनपुर, आशोपुर बल्कवा, बेतौना, लालपुर, मक्सार, जमदह, चन्द्रलालपुर, चन्द्रोदयपुर गा.वि.स. सहित समेटेर २०७१ मंसिर १६ गते (२ डिसेम्बर २०१४) मा घोषणा भएको थियो । त्यसको २ वर्ष ३ महिना ६ दिनपछि अर्थात् २०७२ फागुन २२ गते साविकको दुर्गापुर गा.वि.स. समेत समेटेर १३ वटा वडा कायम भएको गोलबजार नगरपालिकाको वि.सं. २०६८ को जनगणना अनुसार ५२,१२७ जनसंख्या रहेको छ । पूर्व पश्चिम ९ किलोमीटर लम्वाई र उत्तर दक्षिण १४ किलोमिटर चौडाई रहेको गोलबजार नगरपालिकाको क्षेत्रफल १११.९४ वर्गकिलोमिटर रहेको छ ।

स्थानीय तह सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७४ बाट हालसम्म सेवा सञ्चालन गरिदै आएको छ । सबै वडालाई छुट्टाछुट्टै रुपमा सञ्चालन गर्न तत्काल कर्मचारी जनशक्तिको अभाव रहेको सन्दर्भमा जनशक्ति उपलब्ध गराई तत्काल सबै वडा कार्यालयहरु सञ्चालनमा ल्याइने छ । त्यसैगरी, सो आदेश तथा पारित गरिने कानुनहरुमा उल्लेखित पदाधिकारीको काम, कर्तव्य र अधिकारभित्र रहेर नगरलाई सुसभ्य, व्यवस्थित र विकसित बनाउने अठोट लिएका छौं । गोलबजार नगरपालिकालाई आर्थिक रुपले समृद्ध नगर बनाउनु नीतिको आवश्यकता हो । आर्थिक रुपले आत्मनिर्भर अर्थतन्त्रको निर्माण गर्दै सामाजिक न्यायसहितको दिगो आर्थिक बृद्धि हासिल गर्नु गोलबजार नगरपालिकाको प्रस्थान विन्दु हो । नगरपालिका गठनपछि गरिमामय बैठकमा पहिलो नगर प्रमुखका रुपमा नगरपालिकाको आर्थिक वर्ष २०७४/७५ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा हर्षविभोर भएको छु साथै प्रस्तुतिको लागि अनुमति चाहन्छु ।

**क) शिक्षा**

- निःशुल्क, गुणस्तरीय, रोजगारमूलक, व्यवहारिक र सर्वसुलभ सार्वजनिक शिक्षा दिने व्यवस्था गरिने छ ।

नगर प्रमुख
गोलबजार नगरपालिका

- हरेक वडामा एक एक सामुदायिक विद्यालयमा अंग्रेजी माध्यमबाट पठनपाठनको शुरुवात गरी क्रमशः सबै विद्यालयहरुमा अंग्रेजी माध्यमको पठनपाठन लागू गरिनेछ । यसमा अनुभव एवं शिक्षालाई आत्मसात् गर्दै यो नीतिलाई विस्तार गर्न आवश्यक पहल गरिनेछ ।
- १२ कक्षासम्म अनिवार्य शिक्षा दिइनेछ र आवासीय शिक्षाको व्यवस्था गर्नेतर्फ अधिकतम पहल गरिनेछ ।
- सामुदायिक विद्यालयको पढाईलाई व्यवस्थित र पूर्वाधारको व्यवस्था गरिनेछ ।
- दलित तथा गरिब छात्र छात्राहरुलाई विशेष छात्रवृत्तिको व्यवस्था गरिनेछ । आधारभूत तहको शिक्षा मातृभाषामा दिने व्यवस्थाका लागि पहल गरिनेछ ।
- विद्यालयहरुमा स्वच्छ खानेपानी, सरसफाई र शौचालयको व्यवस्था गरिनेछ ।
- नगरपालिका क्षेत्रमा प्राविधिक शिक्षालय खोल्न पहल गरिनेछ ।
- मदरसा शिक्षालाई थप व्यवस्थित गरिनेछ ।
- शिक्षा क्षेत्रका जनशक्तिलाई सिर्जनात्मक तथा नव प्रवर्धनात्मक शिक्षण सिकाईका लागि पूनर्ताजगी एवम् क्षमता विकास तालिम संचालन गरिनेछ ।
- नगर क्षेत्रमा रहेका हरेक माध्यमिक विद्यालयमा प्रविधिमा आधारित सिकाईका लागि पठनपाठनका प्रविधिमा सहयोग गरिनेछ ।
- नगर क्षेत्रमा प्राविधिक शिक्षालय र कृषि कलेजको स्थापनाका लागि विशेष पहल गरिनेछ ।
- प्रत्येक विद्यालयमा कक्षा १ मा भर्ना हुँदा बाल विकास केन्द्रको शिक्षा लिएको सुनिश्चितता गरिनेछ ।
- गोलबजारस्थित रामप्रसाद रामप्रताप तामाङ बहुमुखी क्याम्पसलाई सरकारी कोटाभित्र पारी शसक्त जनशक्तियुक्त बनाउन र सुविधासम्पन्न बनाउन विशेष पहल गरिनेछ ।
- सरकारी प्राविधिक शिक्षालय र ट्रमा सेण्टर सञ्चालनमा ल्याउनका लागि सरकारसंग थप प्राविधिक र आर्थिक सहयोग प्राप्तिका लागि पहल गरिनेछ ।
- 

**ख) स्वास्थ्य**

- नगर क्षेत्रका नागरिकको स्वास्थ्य सेवामा पहुँच पुर्‍याउन विशेष नीति लिइनेछ ।
- नगरमा कम्तिमा १५ शैय्याको सामुदायिक अस्पताल निर्माण गरी संचालन गरिनेछ ।
- नगरक्षेत्रका सबै स्वास्थ्य चौकीमा सुरक्षित सुत्केरी गराउने उचित व्यवस्थापन गर्न बर्थिङ्ग सेन्टरको स्थापना गरिनेछ ।
- वर्षमा कम्तिमा २ पटक जेष्ठ नागरिकको घर आँगनमै पुगेर स्वास्थ्य परीक्षण सेवा प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।
- मातृसुरक्षा र सुत्केरी भत्ता नियम अनुसार वितरण गरिनेछ ।

- स्वास्थ्य बिमा कार्यलाई प्रभावकारी रुपमा अगाडि बढाइनेछ ।

- नगरको विभिन्न वडाका नागरिकलाई पायक पर्ने गरि कम्तिमा ४ स्थानमा सर्पदंश उपचार, रेविज भ्याक्सिनको व्यवस्था गरिनेछ ।

- हरेक वडामा रहेका स्वास्थ्य चौकीमा दक्ष जनशक्तिसहितको व्यवस्था गरी स्वास्थ्य सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ ।

**ग) युवा तथा खेलकूद**

- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिता पदक विजेता नगरभित्रका खेलाडीलाई विशेष सम्मान तथा नगद पुरस्कारको व्यवस्था गरिने छ ।

- युवाहरुलाई लक्षित गरी विशेष कार्यक्रम सञ्चालन गरिने छ ।

- रोजगारीको अभावमा युवा पलायन रोक्न मिलाउन रोजगारीको सिर्जनामा विशेष पहल गरिने छ ।

- युवाहरुलाई सही मार्गमा डोर्‍याउन खेलकूद तथा योगाभ्यास, ध्यान जस्ता विधिहरु संचालनमा विशेष ध्यान दिइनुका साथै खेलकूद पूर्वाधार निर्माणमा विशेष ध्यान दिइनेछ ।

- नगरक्षेत्रभित्र निर्माणाधीन अवस्थामा रहेका स्टेडियम र कभर्ड हललाई पूर्णता दिन विशेष पहल गरिने छ ।

- 'राष्ट्रको लागि खेलकूद, स्वास्थ्यको लागि खेलकूद' भन्ने नीतिलाई आत्मसात् गर्दै खेल गतिविधि हरेक माध्यमिक विद्यालयमा खेलकूद शिक्षकको आवधारणा लागू गर्न पहल गरिनेछ ।

- युवाहरुलाई परिवर्तित अवस्थाको बारेमा सही सूचना दिन युवा क्लवमार्फत् युवा सूचना केन्द्र संचालन गरिने छ । नगरका निश्चित क्षेत्रमा फ्री वाई फाई र विद्युतीय (E-Library) पुस्तकालयको व्यवस्था गरिनेछ ।

- नगरका खेलकूद क्षेत्रका प्रतिभालाई राष्ट्रिय स्तरको प्रतिभा बनाउन विशेष खेलकूद गतिविधि संचालन गरिने छ । साथै, युवा तथा खेलकूद कार्यक्रम सञ्चालन गर्न खेलकूद विभाग बनाई विशेष पहल लिइनेछ ।

- गोलबजारलाई खेलकूद मैत्री नगरको रुपमा विकास गरिनेछ ।

- युवाहरुलाई सामाजिक कार्यमा अग्रसर गराउन आफ्नो दायित्व र लक्ष्यप्रति जिम्मेबारी बोध गराउन 'गोलबजार सफल युवा पुरस्कार' को व्यवस्था गरी प्रदान गरिनेछ ।

- लाखौं युवा विदेशिने क्रम बढ्दै गइरहेको अवस्था कम गर्न युवाहरुलाई स्थानीय तहमा नै रोजगारीका लागि स्वरोजगार र गरिबी निवारण कोष खडा गरी युवा स्वरोजगार र गरिबी निवारण कार्यक्रम मार्फत् सहुलियत ऋण उपलब्ध गराई सीपमूलक र आय मूलक (व्यावसायिक, समूहगत) कार्यक्रम संचालन गरिनेछ ।

**घ) सामाजिक समावेशीकरण (महिला, बालबालिका, ज्येष्ठ नागरिक, दलित, जनजाति, अल्पसंख्यक, अशक्त अपाङ्गता)**

- एकल महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएकालाई प्रदान गरिदै आएको सामाजिक सुरक्षा भत्ता वितरण बैकिङ् प्रणालीमार्फत् गर्न पहल गरिनेछ ।
- बृद्ध/बृद्धा भत्ता र पोषण कार्यक्रमलाई घर आँगनमा पुऱ्याईनेछ ।
- बाल अधिकार सुरक्षित गर्नका लागि गाउँ टोलमा बाल क्लवको गठन, बालश्रम र बाल विवाहलाई न्यूनीकरण गरिनेछ ।
- महिला हिंसा कम गर्न महिला सशक्तिकरण कार्यक्रम संचालन गरिनेछ ।
- जातीय विभेद तथा छुवाछूतलाई पूर्णतः निषेध गरिनेछ । यस्तो कार्य दण्डनीय बनाईनेछ ।
- प्रत्येक वार्डमा शिशु स्याहार केन्द्र स्थापना गर्न पहल गरिनेछ ।
- व्यवसाय गर्न चाहने महिलाहरुका लागि शैक्षिक प्रमाण पत्रका आधारमा विना धितो ऋण दिने व्यवस्थाका लागि पहल गरिनेछ ।
- दलितमाथि भईरहेको छुवाछूत र भेद्भाव उन्मूलनका लागि विशेष कार्यक्रम बनाएर कार्यान्वयन गरिने छ ।
- बाल विवाह, अनमेल विवाह, बहुविवाह अन्त्य गर्दै दहेज प्रथालाई निरुत्साहित गरिनेछ ।
- गरिब दलित, अपाङ्गता भएका, ज्येष्ठ नागरिक, एकल महिला तथा असहाय नागरिक, हिंसा प्रभावित, तेस्रो लिङ्गी तथा होंचा पुड्का नागरिकहरुलाई नगरपालिकाबाट गरिने सिफारिश दस्तुरमा प्रमाणका आधारमा ५० प्रतिशतसम्म छुट दिने व्यवस्था मिलाइनेछ ।
- अव्यवस्थित र सुकुम्बासी बस्तीलाई सुरक्षित बसोबासको व्यवस्था मिलाउन आवश्यक कानून र आर्थिक व्यवस्था क्रमशः मिलाउँदै लगिनेछ ।
- पाँच वर्ष मुनिका बालबालिका र आमाको स्वास्थ्य परीक्षण गरी कुपोषित बच्चा र आमालाई लक्षित गरी पोषण कार्यक्रम संचालन गरिनेछ ।
- आर्थिक रुपमा विपन्न, लोपोन्मुख तथा अल्पसंख्यक समुदाय र बिपन्न दलितलाई आवासको व्यवस्थाका लागि 'जनता आवास कार्यक्रम' लाई नगरपालिकामा अविलम्ब भित्र्याई लागू गर्नेतर्फ पहलकदमी लिइनेछ ।

**ङ) पूर्वाधार तथा सांस्कृतिक पर्यटकीय क्षेत्रको संरक्षण र विकास**

- नगरमा कम्तिमा पाँच हजार अट्ने क्षमतको सिटीहल, एवं खेल मैदान निर्माण गर्न पहल गरिने छ ।
- पर्यटन क्षेत्रलाई अर्थतन्त्रको महत्वपूर्ण आधारको रुपमा विकास गरिनेछ । धार्मिक, पर्यटन, ग्रामीण पर्यटनलाई बढावा दिइने छ । कुम्भिखाडी, आकाशगंगा, रामजानकी मन्दिर, लामीडाँडा, सहलेश मन्दिर, कवीर मन्दिर, गुम्वा, मस्जिद, धमिनीस्थान लगायतका ऐतिहासिक धार्मिक स्थलको प्रवर्धन गरिनेछ ।

- शहरको प्राकृतिक स्रोत, ऐतिहासिक संस्कृतिक तथा धार्मिक पहिचान र आर्थिक सामर्थ्यको आधारमा गतिशील शहरको निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

- लोपोन्मुख, अल्पसंख्यक समुदायको भाषा, संस्कृति र सम्पदाको संरक्षण र विकासलाई जोड दिइनेछ ।

- गागन, मैनावत्ती, च्यानडाँडा, लगायतका स्थानहरुमा दहासंस्कारका मलामी बस्ने घर निर्माण गरिनेछ ।

- सभ्य, सुन्दर नगरका लागि मापदण्ड बमोजिमका भवन निर्माण गरिनु जरुरी छ । यसका लागि मन्त्रालयबाट जारी भएको भवन निर्माणसंहिता लाई लागू गरिनु जरुरी देखिन्छ । यसअघि निर्माण गरिएको MTMP Report लाई सभाबाट पारित गरी जग्गा, बाटो, भवनको स्तरीकरण गरी सोही बमोजिम नयाँ भवन निर्माण गर्दा अनिवार्य रुपमा नक्शा पास गरेर मात्र निर्माण गर्न पद्धतिको थालनी गरिनेछ ।

- नगरपालिकाको स्वामित्वमा रहेका सार्वजनिक सम्पतिहरुको अभिलेखांकन संरक्षण र संवर्धन गर्ने निति लिइने छ । सार्वजनिक सम्पत्ति संरक्षणका लागि प्रविधिमा आधारित नाप नक्शा तथा विधि क्रमशः अपनाउँदै जाने नीति अवलम्बन गरिनेछ ।
- शहरको प्राकृतिक श्रोत, ऐतिहासिक सांस्कृतिक तथा धार्मिक पहिचान र आर्थिक सामर्थ्यको आधारमा गतिशील शहर निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

- लोकमार्गको उत्तर र दक्षिण तर्फ पानी निकास नभई वर्षायाममा गाउँ बस्ती डुबान हुने हुँदा सोको व्यवस्थापनका लागि पूर्व सातपत्रे नदी, पश्चिम तर्फको मैनावती नदीसम्म व्यवस्थित नाला निर्माण गरिनेछ ।

- मनोरञ्जनका लागि रमणीय पार्क निर्माण गर्नेतर्फ पहल गरिनेछ ।

- विपद व्यवस्थापन योजना निर्माण गरी दीर्घकालीन, मध्यकालीन र अल्पकालीन उपायहरुको अवलम्बन गरी विपद् न्यूनीकरण गरिनेछ ।

- क्षेत्रीय सडकको निर्माण कार्य सुस्त भएकोमा यसलाई समयमै सम्पन्न गराउन सम्वन्धित मन्त्रालय, विभाग तथा कार्यालयमा सम्पर्क गरी छिटो सम्पन्न गराउन पहल गरिनेछ ।

**च) गैरसरकारी संघ/ संस्था**

- विदेशी दातृ निकायहरुमार्फत् अनुदान प्राप्त NGO / INGO हरुसँग समन्वय गरी यस नगरपालिकाले प्राथमिकीकरण गरेका क्षेत्रहरुमा मात्र खर्च गर्न पाउने नीति बनाई कार्यान्वयन गरिनेछ ।

नगर प्रमुख

- नगरको आवश्यकता अनुसार नगरपालिकासँगको समन्वयमा पूर्व स्वीकृति लिएर गैरसरकारी संस्थाहरुले काम गर्ने वातावरण बनाइनेछ ।
- कार्यक्रम संचालन पूर्व परियोजनासँग सम्बन्धित सम्पूर्ण कागजातहरुको प्रमाणित प्रतिलिपिसहित नगरपालिकामा जानकारी दिएपछि नगरपालिकाले स्थानीय आवश्यकताको आधारमा कार्यक्रम संचालनको विषयमा स्वीकृति दिन सक्नेछ ।

**छ) सुशासन**

- प्रशासनिक कार्यसम्पादनमा पारदर्शिता अभिबृद्धि गर्न बोल्ने सूचना केन्द्रको स्थापना र गुनासो सुनुवाइको उचित प्रवन्ध मिलाइनेछ ।
- सार्वजनिक निजी साझेदारी अवधाराणा अन्तर्गत विकास निर्माणमा निजी तथा सहकारी प्रणालीलाई प्रोत्साहन गरिनेछ ।
- दैनिक रुपमा आम जनतालाई सेवा दिने कार्यालयहरुलाई प्रत्यक्ष रुपमा महसूस हुने गरी दैनिक प्रशासनिक कार्यहरु जनमुखी, प्रभावकारी, छिटोछरितो सर्वसुलभ र पारदर्शी बनाईनेछ ।
- दैनिक प्रशासनलाई E-Governance का मान्यता अनुसार लागू गरिनेछ ।
- नगरपालिकाको दैनिक प्रशासनलाई सार्वजनिक भ्रष्टाचार मुक्त बनाईने छ । भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता (Zero Tolerance) को नीति अवलम्बन गरिनेछ ।
- योजना निर्माण गर्दा जनताको स्थानीय आवश्यकताको आधारमा नीति अंगीकार गरिनेछ ।
- छिटो छरितो ढङ्गले योजनाहरु कार्यान्वयनका लागि नियमित अनुगमन, मूल्याङ्कन, निरीक्षण प्रणालीलाई प्रभावकारी बनाईनेछ ।
- स्थानीय तहमा केन्द्रित अधिकारहरु मध्ये विगतमा प्रदान गरिँदै आएका सेवा केन्द्रहरुलाई वडा स्तरमा क्षेत्राधिकार निक्षेपण गरी वडाहरुबाट नै दैनिक सेवाहरुलाई सर्व सुलभ, छिटो र प्रभावकारी बनाईनेछ ।
- सरकारी रकम (नगरपालिकाको सम्पूर्ण कारोबार) कार्य बैकिङ् कारोबारबाट हुनेछ ।
- दैनिक प्रशासनलाई छिटो छरितो बनाउन विद्युतीय प्रणाली लागू गरिनेछ ।
- प्रत्येक वडा कार्यालय र सेवा प्रदायक कार्यालयहरुसँग सम्बन्धित गुनासो/सुझावको आधारमा दैनिक कार्य संचालन गर्न वातावरण बनाइनेछ ।
- सेवाग्राही जनताको गुनासोको आधारमा सम्बन्धित अधिकारी वा प्रतिनिधिलाई सो को लागि जवाफदेहिता बहन गर्ने व्यवस्था गरिनेछ ।
- सबै जनप्रतिनिधिको चल अचल सम्पत्ति प्रत्येक वर्ष सार्वजनिक गरिनेछ ।
- सबै कार्यालयहरु धुम्रपान र मद्यपान रहित बनाइनेछ ।
- नगरपालिकाको आयोजनामा वर्षमा कम्तीमा २ पटक सार्वजनिक सुनवाई गरिनेछ ।

**सडक तथा यातायात**

- नगरपालिकाका लागि जग्गादाता महानुभावहरुको उच्च सम्मान गर्दै यस बर्षभित्रै भवन निर्माणतर्फ प्राबिधिक र प्रशासनिक कार्य अघि बढाइनेछ ।

- पाँच वर्षमा नगरभित्र रिंग रोडको सम्भाव्यता अध्ययन गरी निर्माणका लागि पहल गरिनेछ ।
- नगरका सबै टोलहरुलाई वडा सडकमा र वडाहरुलाई नगरको मुख्य सडक संजालसँग जोडिनेछ ।
- सडकहरुलाई बिस्तारसहित स्तरोन्नति (कालोपत्रे र पक्की सडक) मा विशेष जोड दिईनेछ ।
- कृषि सडक निर्माणमा विशेष जोड दिईनेछ ।
- यातायातमा सबैको सर्वसुलभ पहुँचका लागि नगर बस संचालनमा जोड दिईनेछ ।
- बजार र गाउँलाई व्यवस्थित गर्दै ५ वर्ष भित्रमा नगरका सबै मुख्य बजारमा ढल निकासको व्यवस्था गरी फोहोर व्यवस्थित गरिनेछ । र, क्रमशः वडाहरुमा पनि ढल निकास र फोहोर व्यवस्थापन गरिनेछ ।
- नगरका मुख्य मुख्य चोकहरुमा सोलार प्यानल जडान गर्ने कार्यलाई प्राथमिकतासाथ अगाडि बढाइने छ ।
- नगरका सबै वार्डहरुमा आगामी ५ वर्षभित्र पक्की सडक सञ्जाल विस्तार गरिनेछ ।

**कृषि तथा पशु**

- उर्वर भूमिलाई सिंचाईको व्यवस्था गर्न अभियानको रुपमा सिंचाई कार्यक्रम संचालन गरिनेछ ।
- कृषि उत्पादनलाई गुणात्मक रुपमा विकास गर्न पकेट क्षेत्र निर्धारण गरी विशिष्टीकरण र नमूना कृषि उत्पादनलाई विशेष जोड दिइनेछ ।
- कृषि उत्पादनलाई व्यवस्थित गर्न कम्तिमा आवश्यकताको आधारमा कृषि बजारको व्यवस्था गरिनेछ ।
- कृषि उत्पादन तथा पशुपालनलाई आर्थिक सुरक्षाको लागि विमाको व्यवस्थापनमा विशेष जोड दिईनेछ ।
- कृषि उत्पादनमा सहकारी प्रणालीलाई जोड दिईनेछ ।
- नगदे बाली, तरकारी खेती, फलफूल नर्सरी, माछा, आँप खेतीलाई व्यवसायिक रुपमा विकास गर्न विशेष प्याकेज कार्यक्रम संचालन गरिनेछ ।
- नगर क्षेत्रभित्र पर्ने जगालाई कृषि, बसोवास, व्यावसायिक, औद्योगिक, वन र सार्वजनिक उपयोगको क्षेत्रमा वर्गीकरण गरी व्यवस्थित गरिनेछ ।
- पशु बजारमा निर्माण भएको भवनमा विद्युतीकरण, शौचालयमा, खानेपानी व्यवस्थापन र मैदानमा माटो भर्ने काम गरी सुबिधा सम्पन्न बनाइनेछ । भविष्यमा चमेना गृह र अतिथि गृह निर्माण गर्नेतर्फ पहल गरिनेछ ।
- हाल सञ्चालनमा रहेका हाट बजारहरु व्यबस्थित गर्दै शीत भण्डार (कोल्ड स्टोरेज) को व्यवस्थापन गरिनेछ र पशुपालन तथा आधुनिककृषि उत्पादनमा बढी जोड दिइनेछ । बीमा कार्यव्यवस्थालाई क्रमशः अघि बढाउदै जानेछौ । र कृषि बजार भवन निर्माण गरिनेछ र खाद्य, मल र बिउबिजनको उचित व्यवस्था गरिनेछ ।

- कृषिमा व्यावसायिकरण र विविधिकरणका लागि सिंचाई सेवा अपरिहार्य छ । सिचाई सुबिधा पुऱ्याउनका लागि आबश्यक पहल गरिनेछ । र, कृषिमा बैज्ञानिकीकरणका लागि माटो परीक्षण गरी उपयुक्त प्रणाली प्रवर्धन गर्नेतर्फ पहल गरिने छ । कृषिमा सिंचाई प्रवर्धनका लागि कार्यक्रम सहजीकरण गरिनेछ ।

**खानेपानी तथा सरसफाई**

- स्वच्छ खानेपानीमा नागरिकको पहुँचलाई पूर्ण प्राथमिकतामा राखिनेछ ।
- शहरको "फोहरलाई मोहर" बनाउनका लागि नगरको सरसफाइमा विशेष ध्यान दिइनेछ ।
- दीर्घकालीन रुपमा फोहर व्यवस्थापनलाई निजी क्षेत्रमार्फत् परिचालन गर्दै लगिने नीति अवलम्बन गरिनेछ ।
- सरसफाई सम्वन्धी सचेतनात्मक कार्यक्रमहरुलाई विशेष रुपमा अगाडि बढाइने छ ।
- गोलबजार नगरपालिकालाई पाँच वर्षभित्र पूर्णसरसफाईयुक्त सुन्दर नगरपालिका बनाउन सम्पूर्ण वडालाई खुल्ला दिसामुक्त क्षेत्र घोषणा गरिसकेको अवस्थामा यसको प्रभावकारी कार्यान्वयनमा निरन्तर जोड दिइनेछ ।
- फोहरमैला व्यवस्थापनको लागि डम्पिङ्गसाइडको व्यवस्थाका लागि सम्भाव्यता अध्ययन गरी भविष्यका लागि डम्पिङ्गसाइडको व्यवस्थापन गरिनेछ ।
- नगरक्षेत्रभित्रको हाटबजारमा र सार्वजनिक चोकहरुमा अनिवार्य रुपमा सार्वजनिक शौचालयको व्यवस्था मिलाइनेछ ।

**वन तथा चुरे संरक्षण**

- वातावरण र जलवायुमैत्री पूर्वाधार विकासमा ध्यान दिइनेछ ।
- वन क्षेत्रको बैज्ञानिक व्यवस्थापन गरी चुरे तराइ मधेस संरक्षणको लागि विशेष कार्यक्रम ल्याउन दीर्घकालीन सोंचको विकास गरिनेछ ।
- वर्तमान अवस्थामा भईरहेको वन विकास तथा चोरी निकासी भईरहेको अवस्थालाई रोक्दै वन संरक्षण र विकासको अवधारणालाई आत्मसात् गर्दै नगरक्षेत्रभित्र रहेको ऐलानी, पर्ति जमिनहरुमा वृक्षारोपण गरिनेछ ।
- यस नगरक्षेत्रभित्र रहेको वन तथा चुरे क्षेत्रलाई दिर्घकालिन योजना अन्तर्गत कुनै एक तथा चुरे क्षेत्रलाई 'चिडियाखाना' को रुपमा विकास गरिनेछ ।
- बाताबरण र जलबायुमैत्री पूर्वाधारको बिकासमा ध्यान दिइनेछ । वन क्षेत्रको वैज्ञानिक ब्यबस्थापन गरी चुरे तराई मधेश संरक्षणका लागि बिशेष कार्यक्रम ल्याउन दीर्घकालीन सोचको विकास गरिनेछ ।

**उद्योग तथा बाणिज्य**

- नगरलाई आर्थिक रुपले आत्मनिर्भर बनाउन उद्योगको मुख्य भूमिका हुने भएकोले नगर क्षेत्रभित्र उद्योग स्थापनाका लागि उद्योगमैत्री नीतिहरु अवलम्बन गरिनेछ ।

देवनाथ साह
नगर प्रमुख
गोलबजार नगरपालिका

- उद्योगीहरुलाई उद्योग स्थापना गर्न विशेष प्रोत्साहन गरिने छ । कृषिमा आधारित उद्योग स्थापना गर्न विशेष प्रोत्साहन गरिनेछ ।
- नगर क्षेत्रमा उद्योग स्थापनाका लागि विशेष क्षेत्र पहिचान गरी व्यवस्थित गर्ने नीति लिइनेछ ।

**सहकारी तथा लघुवित्त संस्था :**

- कृषि सहकारी तथा लघुवित्त संस्थाहरुलाई बढावा दिईनेछ
- गरिब तथा बिपन्न परिवार तथा समुदायमा सहकारीलाई बिस्तार गर्न प्रोत्साहन गरिनेछ ।
- न्यून व्याजदर कायम गरी घरेलु उद्योग तथा आफ्नो श्रम र सीपलाई व्यवसायिक कार्यक्रम संचालन गर्न प्रोत्साहन गरिनेछ ।
- सहकारीको मर्म र भावना अनुरुप सहकारी संस्थालाई वास्ताविक सदस्यहरुको भरपर्दो साथी बनाउने गरी नगर क्षेत्रका सहकारी संस्थाहरुलाई व्यवस्थित गरिनेछ ।

**ग्रामीण विद्युतीकरण**

- विद्युतबाट बञ्चित समुदायका लागि विद्युत जडान गरिनेछ ।
- विद्युत चुहावटलाई नियन्त्रण गरिनेछ ।
- सामुदायिक ग्रामीण विद्युतको अवधारणालाई अवलम्बन गर्दै कृषिलाई व्यवसायीकरण र निर्यातमुखी बनाउन कृषि विद्युतलाई सर्वसुलभ मूल्यमा वितरण गर्न पहल गरिनेछ ।

अन्त्यमा, यस नगरपालिकाको विकास तथा नव निर्माणका विविध पक्षमा महत्वपूर्ण सहयोग पुर्‍याउनु हुने सबै राजनैतिक दल, राष्ट्रसेवक कर्मचारीहरु, सुरक्षाकर्मी, निजी क्षेत्र, नागरिक समाज, सञ्चार जगत लगायत सम्पूर्ण नगरवासीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

गोलबजार नगरपालिका नगर कार्यपालिकाको कार्यालय गोलबजार, सिरहा २ नं. प्रदेश नेपाल

## धन्यवाद

देवनाथ साह

देवनाथ साह
नगर प्रमुख
गोलबजार नगरपालिका

प्रमाणिकरण मिति: २०७४।१०।१२

पाना नं. १ देखि १०